**2023 जिल्ला परिषद् साधारण निर्वाचन**

**निर्वाचन बारे संक्षिप्त जानकारी**

## 2023 जिल्ला परिषद् साधारण निर्वाचनको मतदान व्यवस्था

**मतदान मिति**: 10 डिसेम्बर 2023 (आईतबार)

**मतदान अवधि:** **जिल्ला समिति निर्वाचन क्षेत्र[1] ("DCC") निर्वाचन**

बिहानको 8:30 बजे देखि दिउँसोको 2:30 सम्म

**जिल्ला परिषद् भौगोलिक निर्वाचन क्षेत्र[2] ("DCGC") निर्वाचन**

बिहानको 8:30 बजे देखि रातीको 10:30 सम्म

(हिरासत केन्द्रहरूमा तोकिएका मतदान स्थानहरूको मतदान समय बिहानको 9 बजे देखि दिउँसोको 4 बजे सम्म हुनेछ ।)

मतदाताहरुको लाइन लाग्ने समय घटाउन र मतदान केन्द्रहरूमा अत्यधिक भीड कम गर्न, अनुमानित लाइन लाग्ने समय मतदान केन्द्रहरू बाहिर उपलब्ध गराइनेछ र 2023 जिल्ला परिषद् साधारण निर्वाचनको लागि मतदानको दिनमा मतदाताहरूको सन्दर्भको लागि समर्पित निर्वाचन वेबसाइटमा अपलोड गरिनेछ ताकि उनीहरूले थोरै व्यक्तिहरू भएको समय छनौट गरी मतदान गर्न सक्छन् ।

## नामांकन अवधि

**नामांकन अवधि** : 17 देखि 30 अक्टोबर 2023

नामांकन फारमहरू दर्ता तथा निर्वाचन कार्यालय ("REO")को वेबसाइट (www.reo.gov.hk) बाट डाउनलोड गर्न सकिन्छ, वा निम्न कार्यालयहरूमा नि:शुल्क रुपमा सङ्कलन गर्न सकिन्छ:

---

[1] जिल्ला परिषद्को DCC मा जिल्ला समितिहरूका (जस्तै क्षेत्र समिति, जिल्ला फाईट क्राइम समिति र जिल्ला अग्नि सुरक्षा समिति (सामूहिक रूपमा "तीन समितिहरू" भनेर चिनिन्छ)) का योग्य मतदाताहरू समावेश हुन्छन् ।

[2] संशोधित जिल्ला परिषद् अध्यादेश (क्याप 547) बमोजिम, जिल्ला परिषद्को साधारण निर्वाचनमा कूल 88 सदस्यहरु फिर्ता भएकामा 44 DCGCहरु छन् ।

जिल्ला कार्यालयहरु; वा
REO को कार्यालयहरू (8/F, Treasury Building, 3 Tonkin Street West, Cheung Sha Wan, Kowloon or Unit 2301-03, 23/F, Millennium City 6, 392 Kwun Tong Road, Kwun Tong, Kowloon)

## जिल्ला परिषद् बारे संक्षिप्त जानकारी

### जिल्ला परिषद् (संशोधन) अध्यादेश 2023

2023 मे 2 मा सरकारले जिल्ला स्तरीय सुशासन सुधार बारे प्रस्तावहरु घोषणा गरेको छ र व्यवस्थापिका परिषद्ले 6 जुलाई 2023 मा पारित गरेको जिल्ला परिषद् (संशोधन) विधेयक 2023 लाई जिल्ला परिषद्को प्रस्तावित सुधार कार्यान्वयन गर्न 31 मे 2023 मा व्यवस्थापिका परिषद् मा पेश गरिएको थियो । जिल्ला परिषद् (संशोधन) अध्यादेश 2023 लाई राजपत्रमा प्रकाशित गरी 10 जुलाई 2023 बाट लागू गरिएको थियो ।

## जिल्ला परिषद्हरुको संरचना

संशोधित जिल्ला परिषद् अध्यादेश (क्याप. 547) बमोजिम, जिल्ला परिषद्हरुमा निम्न 470 सदस्यहरु हुनु पर्दछ :

| | | |
|---|---|---|
| **नियुक्त सदस्यहरु:** | प्रमुख कार्यकारी द्वारा नियुक्ति गरिने | 179 सिटहरु |
| **DCC सदस्यहरु :** | सम्बन्धित जिल्लाका DCC मतदाताहरु द्वारा निर्वाचित गरिने | 176 सिटहरु |
| **DCGC सदस्यहरु :** | सम्बन्धित DCGCs का मतदाताहरु द्वारा निर्वाचित गरिने | 88 सिटहरु |
| **पदेन सदस्यहरु :** | सम्बन्धित जिल्लाहरुका ग्रामीण समितिका अध्यक्षहरु | 27 सिटहरु |

1 जनवरी 2024 मा जिल्ला परिषद्को सातौं कार्यकाल सुरु हुनेछ । कार्यालयको कार्यकाल चार वर्षको लागि हुन्छ ।

जिल्ला परिषद् योग्यता समिति ((डिस्ट्रिक्ट काउन्सिल एलिजिबिलिटी रिभ्यू कमिटि (“DCERC”)) ले सबै मतदाता उम्मेदवारहरु साथै नियुक्त र पदेन सदस्यहरुको योग्यताको समीक्षा गरी पुष्टी गर्नेछ । DCERC ले एक व्यक्तिले आधारभूत कानून (बेसिक ल) लाई कायम राख्न र HKSAR प्रति निष्ठा राख्न कानूनी आवश्यकता र सर्तहरु पूरा गर्न असफल भयो कि भएन भनि जान्न हङकङ विशेष प्रशासनिक क्षेत्रको राष्ट्रिय सुरक्षा सुरक्षित राख्ने समिति (कमिटि फर सेफगार्डीङ नेश्नल सेक्यूरिटी (“CSNS”)) को राय लिनेछ । यदि CSNS ले राय दिएमा, DCERC ले सोहि अनुरुप निर्णय लिनु पर्ने हुन्छ ।

**DCCs – 176 सिटहरु**

| जिल्ला परिषद्(डिस्ट्रिक्ट काउन्सिल) | फिर्ता हुने सदस्य संख्या |
|---|---|
| **सेन्ट्रल र वेस्टर्न डिस्ट्रिक्ट काउन्सिल** | 8 |
| **ईस्टर्न डिस्ट्रिक्ट काउन्सिल** | 12 |
| **काउलुन सिटी डिस्ट्रिक्ट काउन्सिल** | 8 |
| **कुन तोङ् डिस्ट्रिक्ट काउन्सिल** | 16 |
| **शाम शोई पो डिस्ट्रिक्ट काउन्सिल** | 8 |
| **साउर्थन डिस्ट्रिक्ट काउन्सिल** | 8 |
| **वान चाई डिस्ट्रिक्ट काउन्सिल** | 4 |
| **वोङ ताइ सिन् डिस्ट्रिक्ट काउन्सिल** | 8 |
| **याउ चिम मोङ डिस्ट्रिक्ट काउन्सिल** | 8 |
| **आइल्याण्डस् डिस्ट्रिक्ट काउन्सिल** | 4 |
| **क्वाई सिङ डिस्ट्रिक्ट काउन्सिल** | 12 |
| **नर्थ डिस्ट्रिक्ट काउन्सिल** | 8 |
| **साई कुङ डिस्ट्रिक्ट काउन्सिल** | 12 |
| **शा टीन डिस्ट्रिक्ट काउन्सिल** | 16 |
| **ताई पो डिस्ट्रिक्ट काउन्सिल** | 8 |
| **चुन वान डिस्ट्रिक्ट काउन्सिल** | 8 |
| **चुन मुन डिस्ट्रिक्ट काउन्सिल** | 12 |
| **युन लोङ डिस्ट्रिक्ट काउन्सिल** | 16 |
| **जम्मा** | **176** |

## नामांकन र उम्मेदवारी

- सबै पंजीकृत भौगोलिक निर्वाचन क्षेत्र ("GC") का 21 वर्ष वा माथिका मतदाताहरूले नामांकन दिनु अघि सामान्यतया हङकङमा 3 वर्ष बसोबास गरेकालाई उम्मेदवारको रुपमा मनोनयन गर्न सक्छन् ।
- प्रत्येक उम्मेदवारलाई सम्बन्धित जिल्लाको प्रत्येक जिल्ला समिति (जस्तै क्षेत्र समिति, जिल्ला अपराध विरुद्ध लड्ने समिति र जिल्ला अग्नि सुरक्षा समिति)मा DCC को लागि कम्तिमा 3 तर बढिमा 6 भन्दा कम मतदाताहरु द्वारा मनोनित गरिनेछ । एक उम्मेदवार बन्न जिल्ला समितिहरुको सदस्य हुन जरुरी छैन ।
- जिल्ला निर्वाचनमा हरेक DCC मतदाताले सम्बन्धित DCC मा फिर्ता हुने सदस्यको संख्या भन्दा कम संख्यामा उम्मेदवारहरु मनोनय गर्न सक्दछन् ।

**मतदान व्यवस्थापन**

- DCC मतदाताहरुले, आ-आफ्नो जिल्लाहरुमा उम्मेदवारहरुको नामावलीको सूचीको आधारमा, उनीहरुले गोप्य मतपेटीमा मत खसाल्नेछन् । मतपत्रमा भएको मत संख्या निर्वाचन क्षेत्रमा फिर्ता हुनु

पर्ने DCC सदस्य संख्या बराबर भएमा मात्र मतपत्र मान्य हुनेछ । भारी मत ल्याउने उम्मेदवारहरु र त्यसपछि सबै भन्दा धेरै मत ल्याउनेहरु त्यसैगरी क्रमश: निर्वाचन क्षेत्रको निर्वाचनमा आवश्यक सदस्य संख्या फर्ता नभएसम्म ।

**DCGC हरु – 88 सिटहरु**

**निर्वाचनको चित्रण तथा प्रणाली**

- जिल्ला परिषद् (संशोधन) अध्यादेश 2023 ले संशोधन गरेको जिल्ला परिषद् अध्यादेश (क्याप.547 ) बमोजिम, विद्यमान 18 जिल्लाहरुको दायरा यथावत नै छन् र 18 जिल्लाहरुमा कुल 44 DCGCs हरु छन् । प्रत्येक DCGC मा 2 सदस्यहरु फिर्ता हुनेछन्, फलस्वरुप कुल 88 DCGC सदस्यहरु फिर्ता हुनेछन् ।
- प्रत्येक जिल्लाको DCGCs को संख्या र नामहरु निम्न अनुसार छन्:

| डिस्ट्रिक्ट काउन्सिल (जिल्ला परिषद्) | DCGC हरुको संख्या | DCGC हरुको नाम | वापस हुने कुल सदस्य संख्या |
|---|---|---|---|
| **सेन्ट्रल र वेस्टर्न डिस्ट्रिक्ट काउन्सिल** | 2 | सेन्ट्रल, वेस्टर्न | 4 |
| **ईस्टर्न डिस्ट्रिक्ट काउन्सिल** | 3 | ताई पाक्, हङ वान्, चाई वान् | 6 |
| **काउलुन सिटी डिस्ट्रिक्ट काउन्सिल** | 2 | काउलुन सिटी नर्थ, काउलुन सिटी साउथ | 4 |
| **कुन तोङ् डिस्ट्रिक्ट काउन्सिल** | 4 | कुन तोङ् साउथईस्ट, कुन तोङ् सेन्ट्रल, कुन तोङ् नर्थ, कुन तोङ् वेस्ट | 8 |
| **शाम शोई पो डिस्ट्रिक्ट काउन्सिल** | 2 | शाम शोई पो वेस्ट, शाम शोई पो ईस्ट | 4 |
| **साउर्थन डिस्ट्रिक्ट काउन्सिल** | 2 | साउर्थन डिस्ट्रिक्ट साउथईस्ट, साउर्थन डिस्ट्रिक्ट नर्थवेस्ट | 4 |
| **वान चाई डिस्ट्रिक्ट काउन्सिल** | 1 | वान चाई | 2 |
| **वोङ ताइ सिन् डिस्ट्रिक्ट काउन्सिल** | 2 | वाङ ताई सिन् ईस्ट वाङ ताई सिन् वेस्ट | 4 |
| **याउ चिम मोङ डिस्ट्रिक्ट काउन्सिल** | 2 | याउ चिम मोङ् साउथ, याउ चिम मोङ् नर्थ | 4 |
| **आइल्याण्डस् डिस्ट्रिक्ट काउन्सिल** | 1 | आइल्याण्डस् | 2 |
| **क्वाई सिङ डिस्ट्रिक्ट काउन्सिल** | 3 | चिङ्ग यी, क्वाई चुङ ईस्ट, क्वाई चुङ वेस्ट | 6 |

| | | | |
|---|---|---|---|
| **नर्थ डिस्ट्रिक्ट काउन्सिल** | 2 | उ तीप् शान, रोबिन्स् नेस्ट | 4 |
| **साई कुङ डिस्ट्रिक्ट काउन्सिल** | 3 | शाई कुङ् र हाङ् हाउ, चुन क्वान ओ साउथ, चुन क्वान ओ नर्थ | 6 |
| **शा टीन डिस्ट्रिक्ट काउन्सिल** | 4 | शा तीन् वेस्ट, शा तीन् ईस्ट, शा तीन् साउथ, शा तीन् नर्थ | 8 |
| **ताई पो डिस्ट्रिक्ट काउन्सिल** | 2 | ताई पो साउथ, ताई पो नर्थ | 4 |
| **चुन वान डिस्ट्रिक्ट काउन्सिल** | 2 | चुन वान् नर्थवेस्ट, चुन वान् साउथईस्ट | 4 |
| **चुन मुन डिस्ट्रिक्ट काउन्सिल** | 3 | चुन् मुन् ईस्ट, चुन् मुन् वेस्ट, चुन् मुन् नर्थ | 6 |
| **युन लोङ डिस्ट्रिक्ट काउन्सिल** | 4 | युन लोङ टाउन सेन्टर, युन लोङ रुरल ईस्ट, तीन शुई वाई साउथ र पिन साङ, तीन शुई वाई नर्थ | 8 |
| **जम्मा** | **44** | | **88** |

**नामांकन र उम्मेदवारी**

- मनोनयन अघि सामान्यतया हङकङमा 3 वर्ष बसोबास गरेका 21वर्ष वा सोभन्दा माथिका उमेरका सबै पंजीकृत GC मतदाताहरुलाई उम्मेदवारीको लागि मनोनयन गर्न सकिन्छ ।
- उम्मेदवारहरुले निम्न दुई मापदण्ड पुरा गर्नु पर्ने हुन्छ:
  - (i) सम्बन्धित जिल्लाको प्रत्येक जिल्ला समिति (जस्तै: क्षेत्रिय समिति, जिल्ला अपराध विरुद्ध (फाइट क्राइम ) कमिटि र जिल्ला अग्नि सुरक्षा समिति)) मा DCC को लागि कम्तिमा 3 तर 6 भन्दा कम मतदाताहरू द्वारा मनोनय गरेको हुनुपर्ने ; र
  - (ii) सान्दर्भिक DCGC को लागि कम्तिमा 50 तर 100 भन्दा कम पंजीकृत मतदाताहरुले मनोनय गर्नु पर्ने ।
- प्रत्येक पंजीकृत DCGC मतदाताले उसको/ उनको DCGC मा 1 मात्र उम्मेदवार मनोनय गर्न सक्छन् । यदि DCGC मतदाता DCC को पनि मतदाता हुन भने, उ/ उनीले सान्दर्भिक जिल्लाको प्रत्येक DCGC मा 1 उम्मेदवारलाई DCC को मतदाताको रुपमा मनोनित गर्न सक्छन् ।

**मतदान व्यवस्था**

- DCGC का मतदाताहरुले ,उनीहरुको DCGC हरुमा भएका मनोनित सूचीको आधारमा, गोप्य मतपत्र द्वारा 1 उम्मेदवारलाई मतदान गर्नेछन् । प्रत्येक DCGC मा सबैभन्दा बढी र त्यसपछि बढी संख्यामा मत प्राप्त गर्ने 2 उम्मेदवारहरुलाई निर्वाचनमा फिर्ता ल्याइनेछ ।

**मतदान कहाँ गर्ने**

- DCC निर्वाचनको लागि, DCC मतदाताहरूलाई DCC मा मत हाल्नको लागि उ/उनी पर्ने DCC अनुसार हङकङका प्रत्येक 18 जिल्लाहरूमा मतदान केन्द्र स्थापना गरिनेछ ।
- DCGC निर्वाचनको लागि, DCGC मतदाताहरूले अन्तिम सूचीमा दर्ता गरिएको आवासीय ठेगाना अनुसार आफ्नो DCGC मा मत हाल्न हङकङ भरि धेरै मतदान केन्द्रहरू स्थापना गरिनेछन् ।
- यदि एक मतदाता DCC र DCGC दुवैमा मत हाल्न योग्य भएमा, उसले मतदानको दिन तोकिएको DCC मतदान केन्द्र र तोकिएको DCGC मतदान केन्द्रमा DCC र DCGC मत हाल्नेछ ।
- हिरासतमा रहेका मतदाताहरूलाई हिरासत स्थान वा प्रहरी चौकीहरूका उपयुक्त मतदान केन्द्रहरूमा मतदान गर्ने व्यवस्था गरिनेछ ।
- तोकिएको मतदान केन्द्रको जानकारी भएको पोल कार्ड मतदानको दिन भन्दा कम्तीमा 10 दिन अगाडि मतदातालाई जारी गरिनेछ ।
- मतदातालाई तोकिएको मतदान केन्द्र एक विशेष आवश्यकता बोध भएका व्यक्तिहरु (हवीलचेयर प्रयोगकर्ता वा गतिशीलतामा कठिनाइ हुने व्यक्ति) को लागि पहुँचयोग्य छ वा छैन भन्ने जानकारी मतदान कार्डसँग टाँसिएको स्थलगत नक्सामा निर्दिष्ट गरिनेछ । यदि हवीलचेयर प्रयोगकर्ता वा गतिशीलतामा कठिनाइ हुने व्यक्तिलाई तोकिएको मतदान स्टेशन प्रयोगयोग्य नभएमा, उनीहरुले REO लाई आफूले मत दिने निर्वाचन क्षेत्रको विशेष मतदान स्टेशनमा मत हाल्नको निम्ति 5 डिसेम्बर 2023 भन्दा अगाडि फ्याक्स मार्फत (2891 1180)मा, इमेल मार्फत (reoenq@reo.gov.hk)मा, टेलिफोन मार्फत (2891 1001) मा वा चिठ्ठी मार्फत (8/F, Treasury Building, 3 Tonkin Street West, Cheung Sha Wan, Kowloon) 5 डिसेम्बर 2023 भन्दा अगाडि आवेदन दिन सक्छन् ।

  - यदि मतदाताहरूलाई मतदान सम्बन्धी जानकारी प्राप्त गर्न अनुवादन सहयोग चाहिएमा, उनीहरूले 27 नभेम्बर देखि 1 डिसेम्बर 2023 भित्र र 4 देखि 10 डिसेम्बर 2023 भित्र निम्न हटलाइनहरू मार्फत सेन्टर फर हार्मोनी एन्ड एन्हान्समेन्ट अफ एथनिक माइनोरिटी रेसिडेन्ट्स ("CHEER") लाई कल गर्न सक्छन् ।

| भाषा | हटलाइन नं. |
|---|---|
| बाहासा इन्डोनेसिया | 3755 6811 |
| हिन्दी | 3755 6877 |
| नेपाली | 3755 6822 |
| पन्जाबी | 3755 6844 |
| तागालोग | 3755 6855 |
| थाई | 3755 6866 |

| भाषा | हटलाइन नं. |
|---|---|
| उर्दू | 3755 6833 |
| भियतनामी | 3755 6888 |

**<u>मतदान कसरी दिने</u>**

- मतदाताले 10 डिसेम्बर 2023 (आईतबार)को दिन निर्वाचन अवधि भित्र पोल कार्डमा देखाए अनुसार उनीहरुलाई निर्दिष्ट गरिएको मतदान केन्द्र(हरु)मा आफ्नो सक्कल हङकङ परिचय कार्ड ("HKID कार्ड") वा अन्य निर्दिष्ट वैकल्पिक कागजात (हरु) ((कृपया विवरणहरुको लागि "मतपत्र(हरु) संकलनका लागि आवश्यक कागजात(हरु)" मा उल्लेखित भागमा हेर्नुहोस्)) लिएर आउनु पर्ने हुन्छ र मतदान केन्द्रका मतदान कर्मचारीलाई देखाउनुहोस् ।
- मतदान कर्मचारीले तपाई सम्बन्धित निर्वाचन क्षेत्रको मतदाता हुनुहुन्छ वा हुनुहुन्न भनी जाँच गर्न इलेक्ट्रोनिक पोल रेजिस्टर ("EPR") प्रणालीको ट्याब्लेट प्रयोग गरी मतदाताको HKID कार्ड स्क्यान गर्नेछन् । प्रमाणिकरण पछि, मतदान कर्मचारीहरूले EPR प्रणालीमा जारी गरेको अभिलेख राखि मतदातालाई मतपत्र जारी गर्नेछन् ।
- यदि प्रत्येक मतदान केन्द्रहरुमा EPR प्रणाली अपनाउन नसकेको खण्डमा (जस्तै: नेटवर्क कभरेज वा सिस्टमको त्रुटिको कारण ), छापिएको अन्तिम नामावली ("FR") को प्रतिलिपि प्रयोग गरी मतपत्र जारी गरिनेछ । मतदान कर्मचारीले एक मतदाता निर्वाचन क्षेत्र अन्तर्गतको पंजीकृत मतदाता हुन वा होईन्न भनि पुष्टि गर्न मतदातको HKID लाई प्रकाशित FR को प्रतिलिपिको सूचीसँग जाँच गरिनेछ । प्रमाणिकरण पछि, मतदान कर्मचारीहरूले FR प्रणालीमा जारी गरेको अभिलेख राखि मतदातालाई मतपत्र जारी गर्नेछन् ।

**<u>DCC चुनावको लागि</u>**

- मतपत्र सङ्कलन गरिसकेपछि, मतदाता तुरुन्तै कुनै एक मतदान कक्षमा जानुपर्छ ।
- मतदाताले मतदान कर्मचारीले दिएको निर्देशन र मतपत्रमा छापिएका सूचना र मतदान कक्ष भित्रको सूचनाको पालना गर्नुपर्ने हुन्छ । मतदाताले मतदान कक्ष भित्र मतपत्रमा चिन्ह लगाउनु पर्छ।

- मतदाताले सम्बन्धित निर्वाचन क्षेत्रमा तोकिएको सिट संख्या भन्दा बढी वा कम मतदान गर्नु हुँदैन (सो संख्या मतपत्रमा देखाइनेछ)। मतदाताले आफूले छनोट गरेको उम्मेदवारको नामको विपरित अण्डाकारमा कालो रङ भर्न मतदान कक्षमा राखिएको कालो कलम प्रयोग गर्नुपर्छ ।
- मतपत्रमा चिन्ह लगाए पछि, मतदाताले निर्देशनहरूको पालना गर्नुपर्छ (i) मतपत्रलाई नदोर्बान र मतपत्रलाई सेतो मतपेटिकामा चिन्ह लगाइएको भागलाई तल पारि खसाल्न वा (ii) दोबारिएको मतपत्रलाई सेतो मतपेटिकामा हाल्नु अगाडि मतपत्र दोर्बानुहोस् जसले गर्दा चिन्ह लगाइएको भाग भित्र हुन्छ ।

**DCGC चुनावको लागि**

- मतदान कर्मचारीहरूले मतपत्र र कार्डबोर्ड जारी गर्नेछन् जसमा "✔" चप राखिएको हुन्छ । त्यस पछि, मतदाता तुरुन्तै कुनै एक मतदान कक्षमा जानुपर्छ ।
- मतदाताले मतदान कर्मचारीले दिएको निर्देशन र मतपत्रमा छापिएका सूचना र मतदान कक्ष भित्रको सूचनाको पालना गर्नुपर्ने हुन्छ । मतदाताले मतदान कक्ष भित्र मतपत्रमा चिन्ह लगाउनु पर्छ ।
- मतदाताले आफूले छनोट गरेको उम्मेदवारको नामको विपरीत घेरामा "✔" छाप लगाउन कार्डबोर्ड सँग राखिएको चपको प्रयोग गर्नुपर्छ ।
- मतदाताले मतपत्र दोबार्न हुँदैन । मतपत्रमा चिन्ह लगाए पछि, मतदाताले मतपत्रलाई निलो मतपेटिकामा चिन्ह लगाइएको भागलाई तल फर्काएर खसाल्नु पर्छ ।
- प्रत्येक मतदान कक्षलाई एक पटकमा एक मतदाताद्वारा मात्र प्रयोग गरिनेछ । मतदानको स्वायत्तता र मतको गोपनियता सिद्धान्तको आधारमा, मतदातालाई मत दिन सहयोग पुर्याउने वा सहयोग गर्ने जोकसैलाई (यदि उ/ उनी मतदाताका आफन्त वा साथी भएतापनि) कानून बमोजिम प्रतिबन्धित गरिन्छ ।
- यदि मतदाताले मतपत्रमा चिन्ह लगाउदा त्रुटि गरेमा वा अनजानमा मतपत्र बिगारेमा, उ/ उनीले सो मतपत्र निर्वाचन अधिकृत ("PRO") लाई फिर्ता गरी अर्को माग्न सक्छन् ।

**मतपत्र संकलन गर्दा चाहिने आवश्यक कागजात (हरु)**

- विद्यमान ऐन कानून अनुसार,मतपत्रको लागि आवेदन दिने व्यक्तिले आफ्नो सक्कल HKID कार्ड वा निम्न निर्दिष्ट वैकल्पिक कागजात(हरु)प्रस्तुत गर्नु पर्ने हुन्छ:
  - एक मान्य सक्कल HKSAR राहदानी ; वा
  - छुट प्राप्त प्रमाणपत्रको सक्कल; वा
  - HKID कार्डको लागि आवेदन स्वीकृति पत्रको सक्कल; वा
  - व्यक्तिको मान्य सीमेन परिचय पुस्तकको सक्कल; वा
  - भिसाको उद्देश्यहरुका लागि व्यक्तिको परिचय प्रमाणित गर्ने मान्य सक्कल कागजात ; वा

- व्यक्तिको HKID कार्ड हराएको वा बिग्रेको प्रमाणित गर्न पुलिस अधिकारीलाई रिपोर्ट गरेको कागजात वा छुट प्राप्त भएको प्रमाणपत्र वा HKID कार्डको लागि आवेदन दिएको स्वीकृति पत्र (सामान्यतयामा "हराएको सम्पत्तीको एक विवरणको पूर्जी"), साथै मान्य सक्कल राहदानी* वा त्यस्तै ट्राभल डकुमेन्टमा (जस्तै: HKSAR राहदानी बाहेक अर्को राहदानी वा होम रिटर्न पर्मिट) उसको/उनको नाम र फोटो भएको कागजात ।
  * ब्रिटिश नेशनल (ओभरसीज) (BN (O)) राहदानी एक मान्य ट्राभल डकुमेन्ट र पहिचानको लागि प्रमाणपत्र होईन ।

- विवरणका लागि,कृपया निर्वाचन मामिला आयोग (निर्वाचन प्रक्रिया) (जिल्ला परिषद्) नियमावली (क्याप. 541F) को धारा 53 मा हेर्नुहोस् ।

**आवश्यकतामा परेका मतदाताहरुका लागि विशेष लाइन**

- मात्र मतदाताहरुलाई मतदान केन्द्रमा प्रवेश गर्ने अनुमति छ ।
- "निष्पक्ष र समान व्यवहार" को सिद्धान्त अन्तर्गत, मतदाताहरुले मतदान गर्न लाइनमा पर्खिनु पर्दछ । यदि PRO लाई मतदान केन्द्रमा मत दिन आउने व्यक्ति वा भित्र उपस्थित हुने व्यक्ति तल वर्णन गरे अनुसारमा पर्दछ भनि सन्तुष्ट हुन्छ भने, PRO ले सो व्यक्तिलाई मतपत्र प्राप्त गर्न तुरुन्तै तोकिएको क्षेत्रमा जान वा यदि त्यो क्षेत्रको लाइन लामो भएमा लाइनबाट अगाडि बढ्न निर्देशन दिन सक्छ –

  - 70 वर्ष भन्दा माथिको उमेर भएको *;
  - जो गर्भवती छ; वा
  - जसलाई रोग, चोट, अशक्तता वा गतिशीलता उपकरणहरुमा निर्भरताको कारण लाइनमा लामो समय प्रतीक्षा गर्न कठिनाई हुन्छ ।

  * निम्न व्यक्ति सहित –

  - जसको कागजातले जन्म दिन र महिना बिना सो व्यक्तिको जन्म वर्ष मात्रै देखाउँछ, उनी मतदानको साल भन्दा 70 वर्ष अगाडिको भएमा;
  - जसको कागजातले जन्म दिन बिना, व्यक्तिको जन्म वर्ष मतदान हुने साल भन्दा 70 वर्ष अगाडिको भएको देखाउँछ र सो व्यक्तिको जन्म महिना मतदान हुने महिनासँग मिलेको वा सोभन्दा अगाडिको भएमा।

- PRO ले माथि उल्लेखित मतदाताहरुले इच्छा गरेमा विश्राम लिनको लागि, मतदान केन्द्र भित्र बस्ने ठाउँ पनि तोक्नेछ । आराम पछि, मतपत्र जारी गर्ने टेबुलमा जाने निर्देशन प्राप्त गर्नु अघि उनीहरुले विशेष लाइनमा प्रतीक्षा गर्न सक्दछन् ।
- मतदानको स्वायत्तता र मतको गोप्यनियता सिद्धान्तको आधारमा, मतदातालाई आफ्नो मत दिन सहयोग पुर्याउने वा सहयोग गर्ने कसैलाई पनि (यदि ऊ/उनी मतदाताका आफन्त वा साथी भएतापनि) कानून बमोजिम प्रतिबन्ध छ । स्वंयम मतपत्रमा चिन्ह लगाउन कठिनाई हुने मतदाताले, कानून बमोजिम, उनीहरुले PRO वा PRO को सहायकलाई उसको/उनको मतदान प्राथमिकता अनुसार, एक मतदान अधिकारीलाई साक्षीको रुपमा उपस्थित गराई मतपत्रमा चिन्ह लगाउन सक्छ । उपयुक्त

भएको खण्डमा, PRO ले विवेक प्रयोग गरी सहाराको आवश्यकता पर्ने मतदाताको साथमा हुने व्यक्तिलाई सो मतदाताहरुसँगै विशेष लाइन प्रयोग गर्न अनुमति दिइनेछ ।

- मतदान कर्मचारीहरुलाई आफ्नो मत हाले पछि चाँडै मतदाताको सेवा गर्नको लागि काम सुचारु गर्नु , यदि उ/ उनी तोकिएको मतदान केन्द्रमा आइपुग्दा स्टेशनको प्रवेश द्वारबाट बाहिरसम्म एक लामो लाइन देखेमा, उनीहरुले मतदान कर्मचारीलाई आफ्नो परिचय पत्र देखाएपछि उ/उनीलाई मतदान केन्द्रमा मतपत्र संकलन गर्न र आफ्नो मत खसाल्नको निम्ति उ/उनीलाई प्राथमिकता लाइनद्वारा प्रवेश गर्न अनुमति दिईन्छ ।

**<u>मतदाताहरूको लागि चेकलिस्ट</u>**

- भ्रष्टाचार विरुद्ध स्वतन्त्र आयोग ("ICAC") द्वारा लागू निर्वाचन (भ्रष्टाचार तथा अवैध आचरण) अध्यादेश (क्याप. 554) बमोजिम, मतदाताले हङ्कङ वा अन्यत्र निम्न कार्यहरु **<u>गर्नु हुँदैन</u>**:
  - चुनावमा मतदान नगर्न, वा कुनै विशेष उम्मेदवारको लागि मतदान गर्न वा मतदान नगर्नका लागि कुनै व्यक्तिद्वारा कुनैपनि प्रकारको लाभ (पैसा, उपहार, आदि सहित) लिनु , भोजन, पेय वा मनोरञ्जन स्विकार गर्नु वा गराउनु ।
  - कुनैपनि व्यक्तिलाई चुनावमा मतदान नगर्न, वा कुनै विशेष उम्मेदवारको लागि मतदान गर्न वा मतदान नगर्नका लागि प्रोत्साहन वा इनाम स्वरुप कुनैपनि प्रकारको लाभ (पैसा, उपहार, आदि सहित), भोजन, पेय वा मनोरन्जन प्रदान गर्नु ।
  - चुनावमा मत दिन वा नदिन वा विशेष उम्मेदवारलाई मत दिन वा नदिनका लागि; कुनै व्यक्ति माथि बल वा दबाब प्रयोग गर्नु वा धम्की दिनु ।
  - कुनै पनि व्यक्तिलाई चुनावमा मतदान नगर्न, वा चुनावमा कुनै विशेष उम्मेदवार वा विशेष उम्मेदवारहरुलाई मतदान गर्न वा नगर्न भनि झुक्याउनु वा धोका दिनु ।
  - कुनैपनि व्यक्तिलाई चुनावको बेला जानीजानी मतदान गर्नबाट अवरोध सिर्जना गर्नु
  - उ/ उनी चुनावमा मतदान दिन योग्य नभएको थाहा भएको ; वा निर्वाचन अधिकारीलाई जानीजानी वा लापरवाहीसँग गलत वा भ्रामक जानकारी (उदाहरणः गलत आवासीय ठेगाना) दिई चुनावमा मतदान गर्नु ।
  - निर्वाचन खर्च एजेन्टको रुपमा उम्मेदवारले लिखित अनुमोदन बिना चुनावमा उम्मेदवारको लागि चुनावी खर्च व्यहोर्नु ।
  - एक विषेश उम्मेदवार वा चुनावको विषेश उम्मेदवारहरु बारे गतल जानकारी वा भ्रामक खबर प्रकाशित गर्नु
  - समर्थन गर्ने व्यक्ति वा संस्थाको पूर्व लिखित सहमति बिना कुनै पनि व्यक्ति वा संस्थाको समर्थन समावेश भएको चुनावी विज्ञापन प्रकाशित गर्नु
  - अर्को व्यक्तिलाई मत नदिन वा निर्वाचन अवधिको समयमा सार्वजनिक रुपमा कुनै गतिविधि द्वारा चुनावमा अवैध मत दिनको लागि उत्साहित गर्नु ।

- ICAC ले निर्वाचनका सरोकारवालाहरुका लागि प्रचार प्रसारको कार्यक्रमहरुमा जानकारी प्रदान गर्न र सन्दर्भ सामग्रीहरु उपलब्ध गराउन एक स्वच्छ निर्वाचन वेबसाइट स्थापना गरेको छ । कृपया

www.icac.org.hk/elections मा हेर्नुहोस् ।

- निम्न कार्यहरु पनि मतदान केन्द्रहरुमा प्रतिबन्धित छन्:
  - अन्य मतदाताहरुसँग कुराकानी गर्नु साथै अरुलाई आफ्नो मतपत्रको मत देखाउनु वा मोबाइल टेलिफोन वा अन्य इलेक्ट्रोनिक उपकरण प्रयोग गरी संचार/ कुराकानी गर्नु ।
  - फिल्म, फोटो लिने वा कुनै अडियो वा भिडियो रेकर्डिङ गर्नु ।
  - अन्य मतदाताहरुलाई आफ्नो मतपत्रमा चिन्ह लगाउन आग्रह गर्नु । आवश्यकता परेको खण्डमा, एक मतदाताले, कानून बमोजिम, मतदान अधिकारीको उपस्थितिमा PRO लाई आफ्नो मतपत्रमा चिन्ह लगाउन अनुरोध गर्नु ।
  - मत हाल्ने अन्य मतदाताहरुलाई हस्तक्षेप गर्नु ।